

# ९ चर्च र शिक्षा

***यस अध्यायका मूल पदहरू:*** लूका १०:३०-३७, मत्ती ५:१४-१६, लूका ४:१८-२३, यर्मिया २९:१३, मत्ती ७:७ र १ थेस्सोलिनिकी २:६-९।

***यस अध्यायका मूल सार पदहरू:*** "६ ख्रीष्टका प्रेरित भएका नाताले हामीले तिमीहरूमाथि अधिकार चलाउन सक्थ्यौं (वा तिमीहरूबाट सम्मान खोज्न वा माग गर्न सक्थ्यौं)। तापनि हामीले मानिसहरूबाट आदर खोजेनौं, न त तिमीहरूबाट, न अरू कसैबाट। ७ आफ्ना बालकहरूलाई स्याहार्ने धाइ-आमाझैं तिमीहरूका बीचमा हामी कोमल भयौं। ८ यसैले स्नेहपूर्वक तिमीहरूको चाहना गरेर हामीहरू परमेश्वरको सुसमाचार मात्र होइन, तर हाम्रो प्राणसमेत तिमीहरूलाई दिनु तत्पर थियौं, किनकि तिमीहरू हाम्रा निम्ति अति प्रिय भएका थियौ।" (१ थेसलोनिकी २:६-८ रूपान्तरित)।

**चर्चको सुरूको इतिहासदेखि नै येशूका विश्वासी भक्तहरू परमेश्वरको आराधना गर्न जम्माभएका थिए। तिनीहरू सिनिगग वा यहूदी धर्म मन्दिर, घरमा र चर्चहरूमा सङ्गति गर्न भेला हुन्थे। त्यहाँ त्यस खालका विश्वासीहरू भेला भएका थिए जो धर्मशास्त्र र आराधनाद्वारा परमेश्वरलाई चिन्न तिब्र चाहना गर्दथे र तिनीहरूको जीवनमा उहाँको इच्छा बुझ्न चाहन्थे। यी कुराहरू बाइबलले प्रकट गरेको छ। चर्चमै गम्भिर र महत्त्वपूर्ण छलफल होस् र तिनीहरूमा हुने परमेश्वरको ज्ञान र उहाँको इच्छा थाहा पाउन सकोस् भनेर बाइबलले पटकपटक प्रकट गरेको छ।**

**कतिपय समयमा हामी प्रश्नहरू सोध्न डराउँछौं वा हिचकिच्याउँछौं। तर परमेश्वरको बारेमा स्पष्ट धारणा बुझ्न र मानिसहरूलाई चर्चमा ल्याउन प्रायजसो प्रश्नहरूकै माध्यम प्रयोग गरेको बाइबलमा पाउँछौं। मानिसहरूलाई**

तिनीहरूको समर्पण र प्रतिवद्धतालाई तिखार्न र फेरि सोच्न बाइबलभरि विभिन्न कथा, घट्ना र अर्तिकथाहरू छरिएका छन्। परमेश्वरलाई विश्वास गर्छु भन्नेहरूमा ज्ञानको सृजना गर्ने अवसरहरू मिलोस् भन्ने अभिप्रायले ती माध्यमहरू बाइबलमा प्रयोग गरिएको छ। आफ्ना चेला र उहाँका अनुयायीहरूलाई शिक्षादीक्षा दिन त्यस प्रकारको शिक्षालाई विशेष गरेर प्रयोग गर्नुभएको थियो।

यदि चर्च शिक्षाको थलो हो भने यसले इमान्दारी र सक्कली वैचारिक आदानप्रदान गर्ने वातावरण उपलब्ध गराउनैपर्छ। जसरी हामीले स्कूलमा विद्यार्थीहरूलाई बारम्बार भन्छौं कि "मूर्ख प्रश्न त हुँदै हुँदैन", त्यसरी नै हामीले चर्चमा यस्तो सुरक्षित वातावरण खडा गर्नैपर्छ जहाँ प्रत्येक मानिस परमेश्वरको अनुग्रहमा बढ्न, उहाँको बारेमा र तिनीहरूको जीवनमा परमेश्वरको योजना थाहा पाउन सकोस्।

## १. सत्य वा सही इसाई शिक्षा

एक जना यहूदी रब्बी वा गुरुले एउटा कक्षामा युवाहरूलाई सिकाउँदै थिए। त्यसबेला कतिपय विद्यार्थीहरूको आँखा निदाउँदै थियो। उनले अचानक सबैको दिमाग जगाउन एउटा प्रश्न गरेः "बाबुहरू हो, रात अन्त्य भएको र दिन सुरू भएको कुन् मानिसलाई थाहा हुन्छ?"

धेरै विद्यार्थीहरू उत्सुकतासाथ आआफ्ना हातहरू उठाए। "रब्बी, के अलिबको रुख र अन्जिर अर्थात् भोटेदाखको बीचमा फरक भएको देखाउन सकेदेखि हो?" एक जनाले सोध्यो। "अहँ" रब्बीले जवाफ दियो। अर्कोले हात उठाएर सोध्यो, "रब्बी, के भैंडा र बाख्राको बीचमा फरक भएको भन्न सकेपछि हो?" विभिन्न सवाल जवाफ पछि रब्बीले आफ्नो जवाफ दिए, "बाबुहरू हो, रात बित्यो र दिन सुरू भयो भनेर त्यसबेला कसैलाई थाहा हुन्छ जसले कहिल्यै पनि नदेखेको र नचिनेको अपरिचित मानिसको अनुहार देखेपछि ऊपनि दाजुभाइ वा दिदीबहिनी हो भन्ने आभास् हुन्छ। जबसम्म कोही मानिस त्यस ज्ञानमा पुग्दैन जतिसुकै दिन उज्यालो भएतापनि उसको निम्ति त्यो अँध्यारो नै भइरहन्छ।"

लूका १०:२५-३७मा एउटा विशेष कथा येशूले भन्नुभएको छ। यस कथामा येशूले के कुरा औंल्याउन खोज्नुभएको थियो? हाम्रो सही र सत्य इसाई शिक्षादीक्षामा उहाँले औंल्याउनुभएको के कुरा समावेश हुनैपर्छ भनेर हामीलाई सिकाउँदछ? हेर्नुहोस् " २५ व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खड़ा भए, र यो प्रश्न गरे, "गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के

गर्नुपर्छ?" २६ उहाँले तिनलाई भन्नुभयो, "व्यवस्थामा के लेखिएको छ? तिमीले के पढ्यौ?" २७ तिनले भने, "तिमीले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर।" २८ उहाँले तिनलाई भन्नुभयो, "तिमीले ठीक जवाफ दियौ। त्यसै गर, र तिमी जिउनेछौ।" २९ तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, "मेरो छिमेकीचाहिँ को हो त?" ३० येशूले जवाफ दिनुभयो, "एक जना मानिस यरूशलेमबाट यरीहोतिर जाँदैथियो। त्यो डाँकूहरूको फेला पऱ्यो। तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोड़ेर गए। ३१ संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो। ३२ त्यसै गरी एक जना लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो। ३३ तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो। ३४ र त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरूमा पट्टी बाँधिदियो, र आफ्नै गधामाथि चढ़ाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गऱ्यो। ३५ भोलिपल्ट उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, 'यिनको हेरचाह गर, र अरू बढ़ी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु'।" ३६ येशूले सोध्नुभयो, "तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो?" ३७ तिनले भने, "त्यस मानिसमाथि दया देखाउनेचाहिँ।" तब येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर।"

**हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले प्रसस्त शिक्षादीक्षाका ज्योति र सत्यले हामीलाई सिङ्गारिएको छ। हामीसँग मानिस मरेपछि के हुन्छ, १८४४ र न्याय, परमेश्वर र शैतानको बीचमा भइरहेको महान् अन्तर्द्वन्द्व आदि जस्ता शिक्षाहरू छन् जुन अधिकाँश इसाईहरूले अझसम्म पनि बुझ्न सकेका छैनन्। यद्यपि हामीमा जतिसुकै निर्णायक सत्यहरू भएतापनि यदि हामीहरूलाई दया देखाउन सकेनौं, अरूप्रति पूर्वाग्रह राख्छौं, सामाजिक, रङ्ग, संस्कार आदिले गर्दाहरू तिनीहरू हामीभन्दा तल्लो स्तरका छन् भनेर भेदभावपूर्ण व्यवहार गऱ्यौं भने हामीमा भएको शिक्षादीक्षाको अर्थ नै के छ र?**

**सही, सक्कली वा असली शिक्षाको परिभाषा यस प्रकार छः मानिसहरूको खराब तत्व वा बानी र कमिकमजोरीबाट माथि उचलिएर**

तिनीहरूलाई येशूको आँखाले हेर्नसक्नु, जसको निम्ति येशू मर्नुभयो तिनीहरूको साथमा हुनु, जसका पापहरू येशूले क्रुसमा बोक्नुभयो तिनीहरूसँग हुनु र जसको निम्ति अमूल्य र असिम मूल्य तिर्नुभयो तिनीहरूको सेवा गर्नु हो। यदि सहीरूपमा हामीले येशूको क्रुसलाई उचाल्यौं र उचाल्नैपर्छ अनि हामीले प्रत्येक मानिसको मूल्य र मान्यतालाई चिन्नसक्ने हुन्छौं, तिनीहरूले पाउनुपर्ने सदव्यवहार हामी तिनीहरूलाई गर्छौं तर यो मनमा राख्दै अघि बढ्नुपर्छ भन्ने त्यो स्तरमा हामी पुग्न सक्छौं जब प्रत्येक मानिस परमेश्वरको नजरमा अत्यन्तै मूल्यवान छ भन्ने आत्मज्ञान हामीमा हुन्छ। यी शिक्षा इसाई शिक्षामा समावेश हुनु जरुरी छ नत्र भने "इसाई वा येशू भक्त" भन्न कसैलाई सुहाउँदैन न त इसाई हुँ भन्ने अधिकार वा योग्य नै छ।

तपाईंको समाज वा संस्कारले कस्तो पूर्वाग्रह हुन खुलारूपमा होस् वा थाहा नपाउने गरेर सिकाउँछ जुन तपाईं येशूभक्त भएको हैशियतले तिनीहरूबाट माथि उचेलिनुपर्दछ?

## २. रोशनी वा सबैको निम्त उज्यालो बन्न बोलाइएको

वर्तमान युगको संसारमा जताततै हेरेतापनि मानौं यो पृथ्वी ग्रह नै ज्योतिलाई छोपेर अन्धकारको बादलले ढाकिरहेको छ। घरकै आँगनमै किन नहोस् वा हामीले सामना गरिरहनुपर्ने अनेकौं कठिन परिस्थितिहरूले रोशनीले भन्दा पनि अन्धकारले अड्डा जमाइरहेको हामी अनुभव गरिरहेका हुन्छौं र त्यसको चुनौतिसँग लड्न हामी वाध्य भइरहेका हुन्छौं। अनेकौं बिमार, महामारी, प्रियजनहरूको मृत्यु, श्रीमान र श्रीमतीको बीचमा भइरहेको सम्बन्ध बिच्छेदले ल्याउने घरेलु आतङ्क आदिले गर्दा यस जीवन भयाभव वा त्रासपूर्ण भइरहेको हामीले बुझ्नुको बिकल्प अरू नभएको हामी पाइरहेकाछौं। हाम्रो समाज र संस्कारमा विद्यमान खराब तत्व र दुष्टहरूको वर्षामा हामी संघर्ष गरिरहनुपर्दा संसारको अस्तित्वको कुनै अर्थ नै छ त भनेर हामी कराइरहेका हुन्छौं।

यद्यपि, नैतिकतामा तात पल्टेको, भ्रष्ट आत्मिक अन्धकारले छाइरहेको र अनेकौं भित्री र बाहिरी हल्लाखल्लाले भरिरहेको संसारमा येशूले उहाँका प्रत्येक भक्तलाई चुनौतिसाथ उहाँको यो दिव्यवाणी बोलिरहेको सुन्छौंः

१४ "तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। १५ मानिसहरूले बत्ती बालेर बाटाले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। १६ यसरी नै

तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।" (मत्ती ५:१४-१६ रूपान्तरित)। संसार अन्धकार त छ नि तैपनि माथिका पदहरूले हामीलाई के सिकाइरहेको छ, गहिरिएर सोच्नुहोस्? हामी इसाई भनेर दावी गर्नेहरू कस्तो खालको जीवन बिताउनुपर्छ जसले गर्दा हामीहरूको प्रत्येक क्रियाकलापले परमेश्वर कस्तो हुनुहुन्छ भनेर अरू मानिसहरूलाई प्रभाव पार्दछ?

चर्को घाममुनि गालिल समुद्रको किनाराको पहाडको टुप्पोमा पलेटी कसेर सुनिरहेका उहाँका चेला र अरूहरूले येशूको त्यस भनाइलाई कसरी बुझ्न सक्नुपर्ने होला? येशूको मुखारबाट ती शब्दहरू सुन्ने मानिसहरूलाई उज्यालो र अन्धकारको बारेमा निष्फिक्री थाहा हुनुपर्ने हो। तिनीहरूमा लादिरहेको अन्धकारले तिनीहरूलाई त्रसित त बनाइनै रहेको थियो। तिनीहरू पाश्चत्य गोराहरूको देश रोमको सैनिक शासनको मुनि दविएर जिउन संघर्ष गरिरहेका थिए। आजको जस्तो मोबाइल, टेलिफोन, कम्प्युटर र इन्टरनेट सेवा त्यसबेला उपलब्ध थिएन। कतिपय कुराहरूमा तिनीहरूभन्दा हामीहरूमा सुविधा होला तर कतिपय तिनीहरू होस् वा वर्तमान परिवेशमा होस् अझ धेरै भयावह परिस्थितिको सामना त हामी पनि गरिरहेकाछौं (कोरोनाले गर्दा ल्याएको वा ल्याइरहने महामारीको भयावह स्थितिको त कुरै गर्न साध्य छैन-अनुवादक)।

जब येशू यस संसारमा मानव चोला लिएर आउनुभएको थियो तब रोमी सैनिकहरू जताततै छरिरहेका थिए। यदि कसैले रोमको बारेमा खितिक्क बोले वा विरोध गरे तिनीहरूलाई समातेर यातना दिइहाल्थे र रोमी सभ्यताले आविश्कार गरेको निर्दयी मृत्यु दण्ड जुन क्रुसमा नाङ्गै झुन्ड्याउने फन्दामा परिहाल्थ्यो।

अनि यस्तो अन्धकारमय परिवेशमा येशूले आफ्ना भक्तहरूलाई रोशनीको जीवन वा उज्यालो दिने र हुने जीवन बिताउनु रे! त्यतिमात्र कहाँ हो र? तिनीहरू दयावन्त होऊ, हृदयमा चोखो होऊ, शान्तिको निम्ति पहल गर आदि होऊ रे! त्यसकारण इसाई शिक्षादीक्षामा हाम्रा विद्यार्थीहरूले यस संसारमा कसरी ज्योति वा रोशनी हुने भन्ने विषय सिकाउन जरुरी ठान्नै पर्छ। यस प्रकारको शिक्षादीक्षाले तिनीहरूको काम र निर्णय यस्तो होस् कि तिनीहरूले परमेश्वरको वास्तविकता र प्रेम वा हामीप्रति उहाँको भलो चाहना अरूको सामुने प्रकट गर्न सकियोस्।

यो सोच्नुहोस्, हामीले कुन कुन तरिकाहरू अपनाएरले परमेश्वरको वास्तविकता र प्रेमलाई अरूको सामु औँल्याउन सक्षम हुनसकौं?

## ३. येशूकै चेला भएर जिउनु

**यदि इसाई शिक्षालाई बल दिने साधन चर्च हो भने त्यो शिक्षा येशूबाटै आउनुपर्छ भन्ने कुरामा जोड दिनैपर्छ। येशूले चेलाहरूलाई चुन्नुभयो। हामी लक्ष्यको निम्ति तिनीहरूलाई तालिम दिन उहाँ तिनीहरूसँगसँगै हिंड्नुभयो। तिनीहरूले सरोकार राख्नुपर्ने, स्याहार्नुपर्ने र प्रेम देखाउनुपर्ने मानिसहरूको जीवनमा समावेश हुन उहाँले तिनीहरूलाई अवसरहरू उपलब्ध गराउनुभयो। यस संसारमा मानिसहरूको बीचमा एक आपसले एक आपस दाजुभाइदिदी बहिनीहरू हौं भन्ने मनस्थित बाँधेर चलोस् भन्ने उहाँको लक्ष्य थियो। त्यस लक्ष्यलाई साकार बनाउन उहाँले चेलाहरूलाई दिन दिनै चुनौति दिनुभएको थियो।**

लूका ४:१६-२४ पढ्नुहोस्। यहाँ येशूको के सन्देश छ? यदि हामी उहाँका अनुयायी वा भक्तहरू हौं भनेर दावी गर्छौं भने येशूको त्यो लक्ष्यलाई साकार पार्न हामीले कस्तो भूमिका खेल्नुपर्छ? हेर्नुहोस्, "१६ उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो। १७ उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयोः १८ "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" २० उहाँले पुस्तक बन्द गर्नुभयो, र एक जना सेवकलाई दिएर उहाँ बस्नुभयो। सभाघरमा भएकाहरू सबैको नजर उहाँमाथि पऱ्यो। २१ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "आज धर्मशास्त्रको यो वचन तिमीहरूले सुन्दासुन्दै पूरा भएको छ।" २२ सबैले उहाँको सराहना गरे, र उहाँको मुखबाट निस्केका कृपापूर्ण वचनमा छक्क परे, र तिनीहरूले भने, "यिनी योसेफका छोरा होइनन् र?" २३ उहाँले तिनीहरूलाई भन्नुभयो, "निःसन्देह, तिमीहरूले मलाई यो उखान भन्नेछौ, 'ए वैद्य, आफैलाई निको पार। कफर्नहुममा तिमीले जे जति गऱ्यौ भनी

हामीले सुनेका थियौं, ती यहाँ आफ्नो सहरमा पनि गर'।" २४ अनि उहाँले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, कुनै पनि अगमवक्तालाई उनको आफ्नो देशमा स्वागत हुँदैन।"

आफ्ना गुरु येशूले परमेश्वरको राज्यको आदर्श जीवन बिताइरहनुभएको चेलाहरूले कमसेकम तिन वर्ष हेर्न अवसर पाएका थिए। परमेश्वरको राज्य कस्तो हुन्छ भन्ने आदर्शवाद प्रवचन नाजरथमा प्रथम पल्ट सुनाउनुभएको थियो। यस पापी संसारमा एक्लोपना, समर्पित जीवन र कठिन जीवनको साथसाथै क्षमाशीलता, अनुग्रह र प्रेम सँगसँगै येशूमा हिँडेको तिनीहरूले देखेका थिए। यदि येशूले सिकाउनुभएको र देखाउनु भएको पाठ अनुसार चल्न कोही चाहन्छ भने त्यसलाई हल्का पाराले होइन बरू गम्भिरतापूर्वक लिनुपर्छ। त्यो पनि हप्ताको एकदिन चर्चमा आएर खिचिक्क इसाई हुँ भनेर देखाउने होइन तर दिन दिनै जीवनपर्यन्त देखाउनुपर्छ।

"जुन आदेश मुक्तिदाता येशूले आफ्ना चेलाहरूलाई दिनुभयो...त्यो युगको अन्त्यसम्म रहने उहाँका सबै विश्वासीहरूको निम्ति हो...स्वर्गबाट प्रेरित भएका आएका सबै थोकहरू सुसमाचारमा थुपारिएका छन्। जो व्यक्ति येशूको जीवन पाउँछ त्यो व्यक्ति आफ्ना मित्र मानिसहरूको मुक्तिको निम्ति काम गर्न अभिषेक गरिएको हुन्छ। यही कामको निम्ति चर्चको संगठन स्थापना भएको हो र सबै जो बप्तिस्मामा पवित्र शपथ खान्छन् तिनीहरू येशूको सहकर्मी हुन प्रतिवद्धता जाहेर गरिएको हुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ८२२बाट रूपान्तरित।

आज हामी येशूका चेलाहरू हौं भनेर दावी गर्छौं। यदि गर्छौं भने हामीहरूको आराधना र सङ्गतिमा जहिले पनि येशूलाई केन्द्रविन्दु बनाएको हुनै पर्छ। असली वा सक्कली चेलापन हुनु भनेको के हो भनेर येशूले आविश्कार गर्नुभएको थियो भन्ने याद गरिराख्नु जरुरी छ। उहाँका दिनहरूमा रब्बी, धर्मका पण्डित, स्वामी भनाउँदा फरिसीहरूले अनुयायीहरूलाई आकर्षित गरेतापनि येशूले आफ्नो पछि लाग भनेर उहाँले नर र नारीहरूहरू आह्वान गर्नुभएको थियो। आफूले सिकाएका धार्मिक दर्शन वा नीतिहरूभन्दा चेलाहरू येशूसँग रहन आह्वान गर्नुभएको अत्यन्तै महत्त्वपूर्ण भएको ती धर्मगुरुहरूले कल्पना गर्न नै सकेका थिएनन्। यो तिनीहरूको निम्ति क्रान्तिकारी धारणानै थियो। र, हामी येशूका चेलाहरू भएको हैशियतले हामी सबै मानिसहरूलाई आदरमात्र गर्दैनौं तर सबैको

निम्ति त्यस्तो वातावरण बनाउँछौं जहाँ सबै मानिसहरूको उत्थान हुनसकोस्, सबै कुरामा बढ्न सकोस् र चरित्र निर्माण गर्न सकोस्।

त्यसकारण, इसाई शिक्षामा यस्तो खालको लक्ष्य समावेश हुनुपर्छ जुन केवल जीवन निर्वाह गर्न आर्थिक लाभ गर्नको निम्तिमात्र होइन तर येशूले आह्वान गर्नुभएको अनुसार हाम्रै क्षेत्रमा गर्नसक्ने काम हामी गर्न सकौं। ती हुन्ः आवश्यकता पर्नेहरूको सेवा गर्न उहाँको पाइलामा हिँड्नु र तिनीहरूलाई सुमाचारको सन्देश सुनाउनु।

## ४. सत्यको खोजिन

विश्व विख्यात भौतिक विज्ञानको वैज्ञानिक अलबर्ट आइन्स्टाइनलाई आधुनिक भौतिक विज्ञानको पिता भनेर सम्मान गरिन्छ। उनले यो भावना व्यक्त गरेका थिए, "यस जीवनमा महत्त्वपूर्ण कुरो त प्रश्न सोध्न रोक्नुहुन्न। मानिसहरूमा हुने उत्सुकताको अस्तित्वको आफ्नै कारण छ। जब अनन्तका रहस्यहरू र प्राकृतिक अचम्म संरचनाको वास्तविकतालाई ध्यान दियौं भने मानिस अत्यन्तै श्रद्धामा भावुक हुनसक्छ। दिनदिनै अलिकतिमात्र रहस्यलाई बुझ्न मानिसले प्रयास गऱ्यो भने उसलाई पुग्दछ। तर पवित्र उत्सुकता, कौतुहलता र जिज्ञासालाई कहिले पनि नगुमाउनुहोस्।"

हामी रहस्य नै रहस्यहरूले भरिएको संसारमा जिइरहेकाछौं, छैनौं त? यस संसारमा अस्तित्वमा रहेका प्रत्येक तहमा विश्वासै गर्न नसकिने अनेकौं जटिल बनावट वा संरचनाहरू छन् भनेर आधुनिक विज्ञानले हामीलाई देखाइरहेका छन्। यदि भौतिक बस्तुमामात्र त्यस्तो छ भने झन आत्मिक तत्वहरूमा कति होला?

देहायका पदहरूले सत्यको खोजि र त्यसको जवाफको बारेमा के भन्छ? हेर्नुहोस्, यर्मिया २९:११-१३ "११ किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु," परमप्रभु भन्नुहुन्छ। "ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई। १२ तब तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रार्थना गर्नेछौ, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु। १३ जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ।", मत्ती ७:७,८ "७ "माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ। ८

किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढकढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ।", प्रेरित १७:२४-२७ "२४ "परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, २५ उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ। २६ उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, २७ तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न।", भजन २५:४,५ "४ हे परमप्रभु, तपाईंको मार्ग मलाई देखाउनुहोस्, तपाईंको बाटोमा हिँड्न मलाई सिकाउनुहोस्। ५ तपाईंको सत्यतामा मलाई डोऱ्याउनुहोस्, र मलाई सिकाउनुहोस्। किनकि तपाईं नै मेरा उद्धारका परमेश्वर हुनुहुन्छ, र दिनभरि तपाईंमा नै मेरो आशा छ।", यूहन्ना १६:१२-१५ "१२ "मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। १३ जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।" र यूहन्ना १७:१७ "तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो।"

**हामी जस्तै जिज्ञासा राख्ने, उत्सकुता भएका र कौतुहलले धकधकाएका मानिसहरूको कथाले बाइबल भरिएका छन्। ती मानिसहरूमा हामीहरूमा जस्तै विभिन्न प्रश्नहरू सोधेका थिए, तिनीहरूमा डर, त्रास, आशाहरू, आनन्दले भरिएकाहरू थिए। तिनीहरूको आफ्नै पाराले सत्यलाई खोजिरहेका थिए र जीवनमा भएका अनेकौं कठिन प्रश्नहरूको जवाफ खोजिरहेका थिए।**

**"उहाँले प्रत्येक थोक आफ्नै समयमा सुन्दर बनाउनुभयो। साथै तिनीहरूका हृदयहरूमा अनन्ता चाहनालाई राखि दिनुभएको छ। परमेश्वरले**

**सुरूदेखि अन्तसम्म गरिनेकामको गहिऱ्याइ कसैले पनि पत्ता लगाउन सक्दैन" (उपदेशक ३:११ रूपान्तरित)। राजा सोलोमनले यहाँ भन्न खोजेको कुरा के हो? कसैले हिब्रू भाषा *ओलम* olamn *लाई* अनन्त भनेर अनुवाद गरिएको छ भने कसैले विगत र भविष्यकोको बारेमा सजग हुनु भनेर अनुवाद गरिएको छ। त्यसको अर्थ, प्रत्येक मानिसलाई भूत, र भविष्य वा अनन्तताको चेतना मानिसको हृदयमा रोपी दिनुभएको छ। त्यसको अर्थ हामी मानव जात भएको हैशियतले हाम्रो जीवन र हाम्रो अस्तित्वको तात्पर्य के हो भन्ने जस्ता ठूला ठूला प्रश्नहरू सोच्ने क्षमता परमेश्वरले दिनुभएको छ। र यहाँ नै पवित्र धर्मशास्त्र बाइबलले मूख्य भूमिका खेल्न पुग्छ। हामी को हौं? हामी यहाँ किन छौं? हामी कसरी जिउने? हामी मरेपछि के हुन्छ? किन दुष्ट, पाप र कष्ट किन हुन्छ? यी प्रश्नहरू संसारको इतिहासकै सुरूदेखि मानिसहरूले सोधिरहेकाछन् र ती मानिसहरू सत्यलाई खोजिरहेका थिए। ती मानिसहरू जसले ती प्रश्नका जवाफहरू खोजिरहेका थिए तिनीहरूलाई ती प्रश्नहरूको जवाफ औंल्याउने अवसर र उत्तरदायित्व हामीले पाएका छौं। इसाई शिक्षाको औचित्य के हो यदि परमेश्वरको वचनमा पाइएका ती प्रश्नहरूको जवाफ दिन सकेनौं भने?**

हाम्रो जीवनले उठाएका विभिन्न ठूला ठूला वा जटिल प्रश्नहरूको जवाफ दिन बाइबलले नै किन दिन खोज्नुपर्छ? हाम्रो जीवनसँग सरोकार भएका प्रश्नहरूको जवाफको निम्ति बाइबलले मूख्य भूमिका किन खेल्नुपर्छ?

## ५. हाम्रो जीवन अरूलाई बाँड्नु

१ थेस्सोलिनिकी २:१-१२ पढ्नुहोस्। पावलले यहाँ के भनिरहेको छ जुन कि हाम्रा स्कूल र चर्चहरूले प्रतिबिम्बित गर्नुपर्छ? हेर्नुहोस्, "१ भाइ हो, तिमीहरूकहाँ हाम्रो आगमन व्यर्थ नभएको तिमीहरू आफैलाई थाहा छ। २ हामीले अघिबाटै फिलिप्पीमा कष्ट भोग्यौं र अपमानित भयौं भन्ने कुरा तिमीहरूलाई थाहा छ, तर घोर विरोध छँदाछँदै पनि परमेश्वरको सुसमाचार प्रचार गर्न हामीलाई परमेश्वरमा साहस मिलेको थियो। ३ किनकि हाम्रो अर्ती-उपदेश भूल वा अशुद्धताबाट उब्जेको होइन, न त यो छलकपटले भएको हो; ४ तर जसरी सुसमाचार हाम्रो जिम्मामा सुम्पनका निम्ति परमेश्वरले हामीलाई योग्य ठान्नुभयो, त्यसरी नै मानिसलाई प्रसन्न पार्न होइन, तर हाम्रो हृदय जाँच्नुहुने परमेश्वरलाई प्रसन्न पार्न हामी बोल्दछौं। ५ तिमीहरूलाई थाहै छ कि हामीले कहिल्यै खुशामदीका कुरा गरेनौं, न हामी लालचको बहानामा

फस्यौं। यसको साक्षी परमेश्वर हुनुहुन्छ। ६ ख्रीष्टका प्रेरित भएका नाताले हामीले तिमीहरूमाथि अधिकार चलाउन सक्थ्यौं। तापनि हामीले मानिसहरूबाट आदर खोजेनौं, न त तिमीहरूबाट, न अरू कसैबाट। ७ आफ्ना बालकहरूलाई स्याहार्ने धाइ-आमाझैं तिमीहरूका बीचमा हामी कोमल भयौं। ८ यसैले स्नेहपूर्वक तिमीहरूको चाहना गरेर हामीहरू परमेश्वरको सुसमाचार मात्र होइन, तर हाम्रो प्राणसमेत तिमीहरूलाई दिनु तत्पर थियौं, किनकि तिमीहरू हाम्रा निम्ति अति प्रिय भएका थियौ। ९ किनभने भाइ हो, हाम्रो कष्ट र मेहनतको सम्झना तिमीहरूलाई छ। तिमीहरू कसैलाई बोझ नबोकाऔं भनेर दिनरात काम गरी हामीले परमेश्वरको सुसमाचार तिमीहरूलाई प्रचार गऱ्यौं। १० तिमीहरू साक्षी छौ, र परमेश्वर पनि, कि तिमी विश्वासीहरूका अगि कसरी हाम्रो व्यवहार पवित्र, धार्मिक र निष्खोट थियो। ११ किनकि तिमीहरूलाई थाहै छ, बाबुले आफ्ना छोराछोरीहरूलाई जस्तै गरी हामीले तिमीहरू प्रत्येकलाई कसरी अर्ती-उपदेश दिँदै र साहस पनि दिँदै तिमीहरूलाई आदेश दियौं, १२ यस हेतुले कि तिमीहरूको चालचलन परमेश्वरको योग्य होस्, जसले तिमीहरूलाई उहाँको आफ्नै राज्य र महिमामा बोलाउनुहुन्छ।"

**आज हामी त्यस्तो समाजमा छौं जहाँ पारस्परिक हितको निम्ति जम्मा हुने समाज भत्किरहेको छ। यसतो युगमा बाइबलले दिएको चर्चको परिभाषा र बाइबलले हामीलाई बुझाउन खोजेको विश्वासीहरूको समूदाय वा भेला अत्यन्तै सान्दर्भिक र अर्थमूलक मान्नुपर्छ। मत्ती १८:२०मा हामीलाई यो याद दिलाउँछ "जहाँ दुई जना वा तीन जना मेरो नाउँ लिएर जम्मा हुन्छन् त्यहाँ म तिनीहरूको बीचमा हुन्छु।" चर्च र विश्वासीहरूको समूदायको आधारभूत संरचना विश्वासीहरूकै घरबाट सुरू भएका थिए। यहाँ नै विश्वासीहरूको समूह साना साना झुण्डमा भेला हुन्थे। त्यहाँ तिनीहरू प्रार्थना गर्थे, भजन गाउँथे, प्रभुभोज खान्थे र एक आपसमा येशूका वचहरू सिक्थे र सिकाउँथे।**

**परमेश्वरको आराधना गर्ने ती समूहरू नै पहिलो चर्च स्कूलहरू थिए। यहाँ नै नयाँ आगन्तुकहरूलाई बाइबल चिनाएका थिए र येशूमा भएको नयाँ जीवनहरू सुनाउँथे। पावलले रोमी १२:२मा लेख्दछन् "यस संसारको गति वा ढाँचामा नहिँड बरू तर आफ्नो दिमाग वा मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक।" यसले नै सुरूको चर्चको शिक्षादीक्षालाई विश्वासीहरूले गम्भिरतापूर्वक लिएका थिए भनेर देखाउँदछ।**

सुरूका विश्वासीहरूले यो पत्ता लगाएकी सुसमाचारीय जीवन समाजमै रहेर उत्तम तरिकाले प्रदर्शन गर्न सकिन्छ। समूदायमा हामी चर्चको स्वरले गीत गाउन सक्छौं, तल्लिन भएर प्रार्थना गर्न सक्छौं र एक आपसमा अझ धेरै करुणा र हेरबिचार गर्न सक्छौं। जब अरूको जीवनमा परमेश्वरले असल काम गरिरहनुभएको हामी सुन्छौं तब हाम्रै जीवनमा उहाँ कति राम्रो हुनुभएको थियो भन्ने याद दिलाउँछ। जब अरू मानिसहरू संघर्ष र चोटको सामना गरिरहेका छन् भनेर सुन्छौं तब हाम्रै जीवनमा परमेश्वरले गरिरहनुभएको चङ्गाइको आभास् पाउँछौं। त्यसको फलस्वरुप हामी परमेश्वरको अनुग्रह र अरूको चोटलाई निको पार्न सक्ने औजार हुन उत्सुक हुन्छौं।

माथिको अंशमा परमेश्वरको सुसमाचार नै सबै थोक भनेर पावलले जिकिर गरिरहेको पाउँछौंः क्रुसका शक्ति, येशूको पुनरुत्थान र उहाँको दोस्रो आगमनको प्रतिज्ञा। यस संसारमा यो भन्दा खुशीको खबर अरू कुनै पनि छैन। पावलले आफ्नो बाँकि जीवन येशूको कथा सुनाउन ठूलो लगनशीलता र समर्पणतासाथ लागेका थिए। उनको प्रथम प्राथमिता नै सुसमाचार सुनाउने चुनौतिसँग भिडिरहने थियो।

यद्यपि यहाँ पावलले हामीहरूलाई भन्न चाहेको यो थियो कि सुसमाचार अत्यन्तै असल तरिकाले बुझ्न, अनुभव गर्न एक्लो जीवनबाट होइन तर एक आपसमा जीवन बाँडेरमात्र सफल हुनसक्छ। हामीले प्रचार गरेका र विश्वास गरेका बाइबलका सन्देश अनुसार हामीहरू बाँचिरहेका छौं कि छैनौं भनेर अरू मानिसहरूले नजिकैको आँखाहरूले हेरिरहेको हुन्छ भन्ने कुरा हामीले कहिल्यै पनि बिर्सनुहुन्न।

यो तपाईंले आफैलाई गहिरिएर सोध्नुहोस् तपाईंको जीवनले तपाईंका वरपरि रहेका मानिसहरूको सामु कस्तो गवाही प्रस्तुत गरिरहेको छ?

## उपसंहारः

थप जानकारीः "संसारमा ठूलो भाऊ र प्रतिष्ठा खोज्नेहरूलाई येशूले निराश पार्नुभएको थियो। गलत शिक्षाले ल्याएका तत्वहरूलाई येशूले डाँडामा दिनुभएको उपदेशले सच्याउन खोज्नुभएको थियो। त्यस उपदेशमा येशूले उहाँको राज्य र आफ्नै चरित्रको ठीक धारणा र चित्रण उहाँलाई सुन्नेहरूको माझमा राख्नुभएको थियो। तैपनि उहाँले मानिसहरूका भूलहरूलाई सिधै आक्रामक हुनुभएन। पापले गर्दाले संसारका दुःखदायी अवस्थालाई उहाँले देख्नुभएको थियो। तैपनि उहाँले

तिनीहरूलाई तिनीहरूको दयनीय अवस्थालाई तिब्र तरिकाले चित्रण गर्नुभएन। तिनीहरूले थाहा पाएको भन्दा अपार उत्तम कुराहरू तिनीहरूलाई सिकाउनुभएको थियो। परमेश्वरको राज्यको बारेमा सुनाउन आक्रामक शैली नअपनाइ येशूले त्यहाँ पस्न कुन् कुन शर्तहरू पालन गर्नुपर्छ भनेर सिकाउनुभएको थियो। त्यसले गर्दा परमेश्वरको राज्यमा पस्न चाहन्छ कि चाहन्दैन भन्ने निर्णय आफैले गर्न उहाँले छोड्नुभएको थियो। उहाँले सिकाउनुभएका सत्यहरू त्यसबेलाका भिडहरूको निम्तीमात्र होइन अहिले पनि हाम्रो निम्ति उत्तिक्कै महत्त्वपूर्ण छ। तिनीहरूलेमात्र होइन हामीले पनि परमेश्वरको राज्यका आधारभूत नीतिहरू सिक्नु आवश्यक छ।"-एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज,* पृ. २९९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. स्कटलाण्डको प्रख्यात लेखक रोबर्ट लुइस स्टेभेन्सन सन् १८५०मा स्कटलाण्डको सहर इडिनबर्हमा जन्मेका थिए। एक दिन राती सुत्न उनको धाइ आमाले ओछ्यान मिलाउँदै थिइ तब उनले झ्यालमा गएर झ्यालबाहिर हेरे। त्यहाँ उनलाई मनमुग्ध पार्ने एउटा दृश्य उनले देखे। एक जना खम्बामा रहेको ग्यासको बत्तीलाई एक खम्बाबाट अर्को खम्बामा गएर बाल्दै थियो। बालकपनको रमाइलो स्वरले उनले आफ्नो धाइ आमालाई झ्यालमा डाकेर भने, "हेर्नुहोस त त्यस मानिस! उसले त अन्धकारमा प्वाल पो पारिरहेको छ!" तपाईंको जीवनमा परमेश्वरले के भूमिका खेल्नुभयो जसले गर्दा तपाईंको जीवनमामात्र होइन तपाईंको समाजलाई प्रेम गर्न उहाँको रोशनी दिनुभएको छ? विश्वासी मित्रहरूसँग छलफल गर्नुहोस्।

आ. यदि चर्च परमेश्वरसँग सहभागी भएर संसारमा पुग्नु छ भने हामी येशूका वचनहरू र उहाँको सेवाकार्यलाई मनन गर्नैं पर्छ। मानव अवतारको वास्तविकता वा परमेश्वर हामीहरूसित रहनुको उद्देश्य नै हाम्रो संसारमा उहाँ रहन, हामीसँग रुन, हाँस्न र संघर्ष गर्न आउनुभएको थियो। त्यही भूमिका हामीले पनि हाम्रा वरिपरि रहेका बीचमा खेल्न

उहाँले हामीलाई बोलाउनुभएको छ। यो हामीले कसरी गर्ने? हाम्रा चर्चका युवाहरूलाई त्यस काममा संलघ्न गराउन कसरी सक्रिय बनाउन सकिन्छ?

इ. हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई परमेश्वरले हामीलाई दिनुभएको अचम्मका शिक्षादीक्षाहरू अरूलाई सिकाउन जिम्मा दिनुभएको छ। हामी र स्थानीय चर्चले हामीमा भएको सत्यलाई अरूलाई सिकाउन कस्तो भूमिका खेल्नुपर्छ? फेरि त्यसैवखत जीवनका जटिल प्रश्नहरू सोधेर सत्य खोज्नेहरूको निम्ति हाम्रो चर्च कसरी सुरक्षित थलो बनाउने? तपाईंले कस्तो वातावरण तयार पार्न सक्नुहुन्छ जसले गर्दा गम्भिर प्रश्नहरूलाई सम्बोधन गर्न सकिन्छ?

ई. तपाईंको समाजमा रहेको संस्कार, चालचलन वा रहनसहनले ल्याउने पूर्वाग्रहको बारेमा सोच्नुहोस्। ती पूर्वाग्रहहरूबाट धर्मशास्त्रको शिक्षाले कसरी माथि रहन सिकाउँछ?

कथा ९

# झाँक्री आफैलाई निको पार्न सकेन

बगिचा सिँ, ७०, भारत

बगिचा सिँ आफ्नो जीवनकाल भरिनै आफ्नो घरको वरिपरि रहेका रुखहरू र देवीदेवताहरूका मूर्तीहरूलाई पूजा गर्थ्यो। बगिचा भारतको एउटा गाउँमा बस्दथ्यो। आफू झाँक्री भएकोले आफूलाई धनी बनाउने श्रेय देवीदेवताहरूलाई दिएको थियो। ती देवताहरूले उसलाई धनमात्र होइन शक्ति पनि दिएको थियो भनेर उसले विश्वास गरेको थियो। मुन्द्रिचुरिमा गाउँमा भएको उसको घरमा मानिसहरू तन्नै हुन्थ्यो। तन्त्रमन्त्र र झाँक्री विद्याबाट उसले रोग निको पार्न सक्छ भनेर मानिसहरूले विश्वास गर्दथे। बगिचालाई चाहेको सबै थोक थियो, धन सम्पत्ति, जग्गा जमिन। तर उसलाई एउटो कुरोको अभाव थियो, त्यो थियो उसको मनमा शान्ति।

एक दिन ऊ अचानक बिरामी भयो। उसले बान्ता गर्न थाल्यो। त्यो बान्ता उसले रोक्न सकेन। उसलाई रिङ्गता लाग्यो। उसको टाउको दुख्न थाल्यो। त्यो टाउको दुखाइ चर्को भयो। आफूलाई निको पार्न उसले आफूमाथि आफैलाई झाँक्री लगायो। तर आफ्नो झाक्री विद्यालाई अर्कोलाईचाहीँ निको पार्ने आफूलाई निको नपार्ने देखेर छक्क पऱ्यो। उसले धेरै डाक्टरहरूकहाँ चहाऱ्यो तर कसैले पनि उसलाई निको पार्न सकेन। ऊ धुरु धुरु रुन थाल्यो। "म मर्दै छु, म मर्दै छु" आफ्नो घरका परिवारहरूलाई रोइ रोइ उसले आफ्नो दुःख पोखाउन थाल्यो। केही समयसम्म उसकहाँ बिरामी मानिसहरू आउँदै गरे। तर एक दिन उसले भन्यो "मकहाँ नआउनुहोस् किनभने म आफै बिरामी छु। तिमीहरूलाई म निको पार्न सक्दिनँ।" मानिसहरू उसबाट टाढा भए र उसको झाँक्री धन्धामा घाटा लाग्न थाल्यो। एक दिन उसको छोराले उसको छिमेकी गाउँमा रहेको ग्लोबल मिसन पायोनियरलाई आफ्नो घरमा आएर उसको बुबाको निम्ति प्रार्थना गर्न अनुरोध गऱ्यो। त्यस पायोनियरले त्यस गाउँको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको अगुवाई गर्दै थियो। पायोनियर सामसन सोनी बगिचाको घरमा गयो। तर सामसनले येशूको भक्त भएकोले झाँक्रीले उसलाई बोल्न पनि चाहेन। "तिम्रो प्रार्थना मलाई चाहिँदैन। मेरो झाँक्री विद्या तिम्रो भगवानभन्दा शक्तिशाली छ" बगिचाले सामसनको अनुरोधलाई अस्वीकार गर्दै भन्यो। तैपनि सामसनले

हरेसक खाएन। उसको निम्ति उसले प्रार्थना गरिनै छाड्यो। बगिचाको रोग झन झन चर्को हुँदै गयो। आखिरमा उसलाई ज्वालान्दर सहरको अस्पतालमा लग्यो। त्यहाँ दस लाख मानिसहरू बसोबास गर्दथ्यो। उसको गाँउबाट ९० मिनेटको बाटो भएर ऊ कारमा गएको थियो। त्यस अस्पतालमा डाक्टरले उसलाई जाँच्यो र भन्यो बगिचालाई ब्रेन ट्युमर अर्थात् उसको मगजमा मासु जमेको छ। "यदि तपाईंको शल्य क्रिया भएन भने तपाईं छिट्टै मर्नुहुनेछ" डाक्टरले भने। तर शल्यक्रिया अत्यन्तै महँगो थियो। झाँक्री काम गरेर उसले धेरै धन कमाएको थियो। सामसनलाई थाहा भयो कि बगिचा अस्पतालमा छ। त्यसकारण सामसन बगिचालाई भेट्न अस्पतालमा आयो। बगिचा अस्पतालमा एक्लै नियास्रो लागेर ओछ्यानमा परिरहेको थियो। जब उसले सामसनलाई देख्यो तब उसलाई केही जाँगर आयो। सँगै उभिरहेको डाक्टरलाई उसले भन्यो "ओहो, येशू आउनुभयो। उहाले मलाई निको पार्न सक्नुहुन्छ।" बगिचाको निम्ति प्रार्थना गर्न सामसनले डाक्टरसँग अनुमति माग्यो। जब डाक्टरले हुन्छ भन्यो तब आँखाभरि आँशु झारेर सामसनले बगिचाको निम्ति प्रार्थना गऱ्यो। "हे परमेश्वर पिता, येशूको नाउँमा म तपाईंसँग पुकार्दछु कि दाजु बगिचालाई निको पारिदिनुहोस् ताकि उसले तपाईंको नाउँको महिमा गरोस्। यो प्रार्थना प्रभु येशूको नाउँमा गर्दछु। आमेन" सामसनले भन्यो। भोलिपल्ट डाक्टरले बगिचालाई आएर हेऱ्यो र चेक अप गऱ्यो। डाक्टर त छक्क पऱ्यो। उसमा त ट्युमरको एक दाग पनि थिएन। डाक्टरले विशेषज्ञलाई बोलाए र उनको सल्लाह मागे। त्यस विशेषज्ञले पनि बगिचाको मगजमा ट्युमर भेट्टाएन। चकित भएको डाक्टरले सामसनको प्रार्थना सम्झे, बगिचालाई केलाएर सोधे "तपाईंको मगजमा मासुको डल्लो खोइ? तपाईंले कुन भगवानलाई विश्वास गर्नुहुन्छ?" अत्यन्तै हर्षित भएर बगिचाले जवाफ दियो "म त धामी झाँक्री र बोक्सी विद्यामा एकदम सरिक भएको थिएँ। तर ग्लोबल मिसन पायोनिएरले मेरो लागि प्रार्थना गऱ्यो। उसले नै मलाई येशूलाई देखाउनुभयो। अब म येशूलाई विश्वास गर्छु। म विश्वास गर्दछु कि येशूले नै मेरो ब्रेन ट्युमरलाई निको पार्नुभयो। ग्लोबल मिसन पायोनियरबाट येशू मकहाँ आउनुभयो।"

अर्को शनिवार बगिचाले आफ्नो छिमेकी गाउँमा सामसनलाई खोज्यो। सामसनलाई भेट्टाएपछि उसले भन्यो "तिम्रो येशूले मलाई निका पार्नुभयो।" आफ्नो गाउँघरमा त्यो कथा आफ्नो परिवार र छिमेकिहरूलाई सुनायो। "म

निको भएँ। म बोक्सी र धामी विद्याबाट स्वतन्त्र भएँ। तिमीहरू पनि चर्चमा आउनुपर्छ जहाँ येशूले निको पार्नु हुन्छ" सबैलाई चकित पार्ने गरेर उसले सुनायो। बगिचाको गवाहीले धेरै मानिसहरू चर्चमा आउन थाले। सामसनबाट ५० जनाले बाइबल अध्ययन गरे। सेप्टेम्बर २०१८मा तिनीहरूमा आधाजसोले बप्तिस्मा लिए। त्यसमा बगिचा र उसका परिवारका तीन जन सदस्यहरू पनि थिए। अरूहरू बाइबल अध्ययनमा निरन्तररूपमा सरिक भइरहेका छन् र मानिसहरू धमाधम तिनीहरूसँग सरिक हुन आउँदैछन्। आज बगिचा चर्चको अत्यन्तै विश्वासीलो सदस्य भएको छ। "मेरो लागि प्रार्थना गरिदिनुहोस् ताकि म येशूको विश्वासमा अटल भएर बस्न सकुँ र येशूको दोस्रो आगमनको निम्ति म तयार हुन सकुँ" बगिचाले यस लेखकलाई आग्रह गऱ्यो।

बगिचा र उसको परिवारका २५ सदस्यहरू र साथीहरूलाई सामसन गुलाममसीहले बप्टिस्मा दिए। बगिचाको गाउँको नजिकैको पास्टर सामसनमात्रै थियो।

-लेखक, आन्द्र्यु मेकचेस्नी